## श्री लोकेश्वर सामुदायिक वन उपभोक्ता समूह,

### सुनवल-७ नवलपरासी(ब.सु.प.)

### वनपैदावार सिलबन्दी बोलपत्रद्धारा लिलाम विक्रि सुचना

### प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०१/२२

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित भई सुनवल-७ चारपालामा घाटगद्धी भएका निम्न लटहरुमा विभाजित निम्न परिमाणको गोलिया काठहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**लट बमोजिमको वन पैदावारको विवरण :**

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | |
|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च |
| १ | साल | ए | २६ | ४६३.८९ | ५७९८६२.५ | १४६/-प्रति क्यु.फि |
| | साल | बि | ८२ | ८०९.५४ | ७२८५८६ | |
| | साल | सि | ८६ | ५१७.९० | ३१०७४० | |
| | साल | डि | ५४ | २०९.११ | ६२७३३ | |
| | जामुन | सि | २ | २३.०१ | २३०१ | |
| | **कुल जम्मा** | | २५० | २०२३.४५ | १६८४२२२.५ | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | |
|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च |
| २ | साल | ए | १० | १२९.२३ | १६१५३७.५ | १४६/-प्रति क्यु.फि |
| | साल | बि | ३४ | ३८१.६७ | ३४३५०३ | |
| | साल | सि | ५४ | ३८७.६० | २३२५६० | |
| | साल | डि | ३८ | १८०.८२ | ५४२४६ | |
| | असना | सि | ५ | १२५.२४ | १२५२४ | |
| | **कुल जम्मा** | | १४१ | १२०४.५६ | ८०४३७०.५ | |

बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

खरिद गर्ने : क) अन्तिम मिति : २०८३ ०२ ११ ख) समय : बेलुका ५ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३ ०२ १२ ख) समय : दिउसो १२ बजे सम्म

१) बोलपत्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालयबाट खरिद गरि समुहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

२) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्रसाथ यस सामुदायिक वनको नाममा रा.वा.बै.सुनवल शाखामा रहेको खाता नं. मा रकम जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ

३) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

४) बोलपत्र फारम लट नं. १ को रु.२०००।- लट नं. २ को लागि रु. १,०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

५) लिलाम बिक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र तोकिएको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

६) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा सुचिकृत प्रमाणपत्र बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३ ०२ १२ गते दिनको १:३० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८) लिलाम स्विकृत भएको जानाकारी प्राप्त भएको १० (दस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

११) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.नं.१३/०६३/०६४
२०८३ बैशाख २२,
Tuesday May 05,

# जसपार्टी बैठकद्वारा १५ बुँदे प्रस्ताव पारित

बुटवल। जनता समाजवादी पार्टीको केन्द्रीय [स]मिति बैठक सम्पन्न भएको छ। पार्टीका [अ]ध्यक्ष अशोककुमार राईको अध्यक्षतामा [ल]लितपुरको कुपण्डोलमा दुई दिनसम्म चलेको [बै]ठक आइतबार १५ बुँदे समसामयिक प्रस्तावहरु [पा]रित गर्दै सम्पन्न भएको हो। बैठकले सरकारले [स]दन अधिवेशन स्थगित गरेर अध्यादेशमार्फत् [शा]सन गर्ने कार्यले लोकतन्त्रको आधारभूत मूल्य, [मा]न्यता र अभ्यासलाई खण्डिकृत गरेको टिप्पणी [गर्]दै सरकारलाई पूर्ण लोकतान्त्रिक आचरण र [च]रित्रसहित विधिको शासन अनुरुप जिम्मेवार र [ज]वाफदेही बनी राज्य सञ्चालन गर्न सरकारको [ध्]यानाकर्षण गरेको छ।

त्यसैगरी बैठकले हाल काठमाडौं उपत्यका [ल]गायत देशका विभिन्न स्थानहरुमा वर्षौंदेखि [ब]सोबास गर्दै आएका भूमिहीन सुकुम्वासीहरुको [ब]स्तीका डोजर लगाएर खाली गराएकोप्रति [ख]ेद प्रकट गरेको छ। बैठकले राज्य आतङ्क नै [सि]र्जना गरी नागरिकलाई बेघरबार बनाउने कार्य [मा]नवीय एवम् नागरिकको संवैधानिक हकविरुद्ध [र]हेको जिकीर गर्दै दसकौंदेखि बसोबास गर्दै आएका [भ]ूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बस्तीका [ब]ासिन्दाहरुलाई घरडेरा सार्न समेत समय उपलब्ध [न]गराई डोजर आतङ्क सिर्जना गरी हजारौं परिवारको [उ]ठिचल्ली पार्ने कार्यले न्यूनतम् मानवीय संवेदनाको [प]नि खिल्ली उडाएको टिप्पणी गर्दै नेपाल [स]रकारलाई अव्यवस्थित बासबोसलाई व्यवस्थित [ग]र्दै प्रभावकारी छानबिन मार्फत वास्तविक [घ]रबारबिहीन भूमिहीन नागरिकको तत्काल [सु]रक्षित, मर्यादित एवम् सुविधायुक्त बसोबासको [सु]निश्चितताका लागि सरकारसँग माग गरेको छ।

बैठकले सरकारले गरेको विद्यालय तथा [वि]श्वविद्यालयहरुमा रहेका विद्यार्थी संगठनहरुको [सं]रचना खारेजीसम्बन्धी निर्णयप्रति पनि गम्भीर [ध्]यानाकर्षण भएको जनाउँदै विगतमा विद्यार्थी [सं]गठनहरुलाई राजनीतिक दलहरुले आफ्नो [रा]जनीतिक अभिष्ट पूरा गर्ने साधनको रुपमा [उ]पयोग गर्ने विगतको अभ्यासलाई दुरुत्साहन [गर्]दै विद्यार्थी संगठनहरुलाई विद्यार्थीको हक, [हि]त र सुरक्षा एवम् शैक्षिक वातावरण निर्माण [र] सामाजिक चेतना फैलाउन कार्यमा संलग्न [हु]नेगरी प्रभावकारी नियमनमार्फत संचालन गर्नुपर्ने [ज]नाएको छ। त्यस्तै जसपाले आधिकारिक ट्रेड [यु]नियनको पक्षमा रहेको स्पष्ट पारेको छ।

सरकारले गरेको संविधान संशोधनको [प्र]स्ताव अगाडि बढाउने चेष्टाप्रति पनि पार्टीले [ध्]यानाकर्षण गराउँदै संविधान संशोधनका लागि [वि]भिन्न राजनीतिक दल, नागरिक समाज, पेशागत [सं]घसंस्था, मिडिया एवम् अन्य सरोकारवालाहरुसँग [छ]लफल र परामर्श गरी संविधानप्रति सबैको [अ]पनत्व हुनेगरी संशोधनको कार्यसूची अगाडि [ब]ढाउन सरकारसँग अपिल गरेको छ।

संविधान संशोधनका सन्दर्भमा जसपाले [आ]फ्नो आधिकारिक धारणा अगाडि सार्दै संविधान संशोधनका मूलभूत सवालहरुमा जनताद्वारा प्रत्यक्षनिर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीसहितको शासकीय स्वरुप कायम गर्न एवम् पूर्ण समानुपातिक निर्वाचनबाट संसदको व्यवस्था गर्न, प्रदेशहरुको नामाङ्कन र सीमाङ्कन सच्याई पहिचान र सामर्थ्यका आधारमा प्रदेश निर्माण गर्न, शक्तिशाली जनलोकपालको गठन गर्न, संवैधानिक निकायहरुलाई संघीय ढाँचामा पुनर्संरचना गर्न, प्रदेशको अधिकार बढाउँदै अवशिष्ट अधिकार प्रदेश मातहत रहने व्यवस्थालगायतका प्रशासनीक सुधारका लागि आवश्यक संरचनागत परिवर्तन गर्न माग गरेको छ।

त्यस्तै संयुक्त राज्य अमेरिका तथा इजरायल र इरानबीच चर्किएको युद्धका कारण पेट्रोलियम पदार्थको मूल्य अचाक्ली बढ्न जाँदा त्यसले मुलुकको आन्तरिक उत्पादन र पैठारीमा समेत लागत बढाउँदा उपभोग्य वस्तुहरुको बजारमूल्य आकाशिन गएकोप्रति सरकारलाई संवेशदनशील हुँदै मूल्यवृद्धि नियन्त्रणका लागि सम्पूर्ण उपायहरु अवलम्बन गर्दै गरिब, मजदुर एवम् श्रमजिवी वर्गलाई अत्यावश्यक उपभोग्य वस्तुहरु खरिदमा रासनकार्डको व्यवस्था गरी सहुलियत उपलब्ध गराउने व्यवस्था सुरु गर्न माग गरेको छ।

त्यसैगरी सरकारले पछिल्लो समय आर्थिक अनियमितता र अनुचित साँठगाँठको आशंकामा कयौं उद्योगी एवम् व्यवसायीहरुमाथि गैरकानूनी धरपकड गर्दा अनेकन प्रतिकूलताका बाबजुद तङ्किन खोज्दै गरेको आर्थिक क्षेत्रमा संशय उत्पन्न भएको जनाउँदै केवल शंका र अनुमानकै भरमा धरपकड नगरी तथ्यगत अनुसन्धान गरी दोषी ठहरिने अवस्थामा मात्रै थुनछेक गर्ने गरी उद्योगी एवम् व्यवसायीहरुलाई निर्वाध रुपमा कानूनसम्मत पेशा व्यवसाय गर्न दिन अनुरोध गरेको छ। बैठकले मुलुकको अर्थतन्त्र चलायमान बनाउन सरकारले विश्वासको वातावरण निर्माण गनुपर्नेमा विशेष जोड दिएको छ।

दुईतिहाई नजिकको बहुमतको सरकारको संशयपूर्ण कार्यशैलीका कारण आर्थिक क्षेत्रमा विश्वास जागृत हुन नसकेको र त्यसको प्रत्यक्ष असर नेपालको शेयरबजारमा देखिएको जनाउँदै आम लगानीकर्ता एवम् व्यवसायीहरुको गुमेको विश्वास पुनर्बहाली गर्न पूँजीबजार सुधारसँगै आर्थिक सुधारका नीति लागू गर्न सरकारसँग माग गरेको छ।

त्यस्तै बैठकले समसामयिक राजनीतिक प्रतिवेदन पारित गरेको छ। प्रतिवेदनमा वर्तमान राष्ट्रिय स्वतंत्र पार्टी नेतृत्वका सरकार आन्तरिक विवाद र विखण्डनमा नफसेको अवस्थामा पाँच वर्षसम्म सरकार चल्न सक्ने प्रक्षेपण गर्दै प्रचण्ड बहुमतको सरकारलाई शंकाको सुविधा दिएको छ।

तथापि अनुभवहीन युवाहरुको मन्त्रिमण्डलले गर्ने कामकारबाही भने कच्चा देखिएको टिप्पणी गरेको छ। 'सरकारका कतिपय निर्णयहरु कच्चा देखिएको र न्यायालयले उल्ट्याउने वा आफैं फिर्ता लिनुपर्ने अवस्थाले 'बिहानीले दिनको संकेत गर्छ' भनेझैं पनि भएको छ', प्रतिवेदनमा उल्लेख गरिएको छ, 'नियुक्त मन्त्रीहरुले महिना दिन पनि नपुग्दै बर्खास्त हुनुपर्ने वा राजीनामा दिनुपर्ने अवस्था आउनु पनि काँचोपनाको गम्भीर अभिव्यक्ति हो।' तथापि सरकारले सार्वजनिक गरेका नीतिहरुप्रति शंकाको सुविधा दिंदै ती नीतिहरुको सन्तुलित कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता औंल्याएको छ।

बैठकले आन्तरिक पार्टीको विभिन्न कमिटीहरु गठन र पुनर्गठनको अभियानलाई तीव्र ढंगले संचालन गर्ने निर्णय गर्दै पार्टी पदाधिकारी, कार्यकारिणी समिति सदस्य, राजनीतिक समिति सदस्य एवम् पार्टीको केन्द्रीय समिति सदस्यहरु थप गरेको छ। जसक्रममा केन्द्रीय उपाध्यक्षमा दान बहादुर विश्वकर्मा र राधा तिमिल्सिनालाई चयन गरेको छ। त्यसैगरी उपमहासचिव पदमा रमेश राई तथा सचिव पदमा सुदूरपश्चिम प्रदेशबाट हेमन्त माण्डव्य, लुम्बिनी प्रदेशबाट मनिकर कार्की र गण्डकी प्रदेशबाट धन प्रसाद तामाङलाई चयन गरेको छ।

त्यसैगरी केन्द्रीय कार्याकारिणी समिति सदस्यमा शाक्य सुरेन, सुशिला शाक्य, भाग्य नारायण यादव, योगराज बनेम, नविन सुनुवार, सीमा सिंह, ज्ञानकुमार परियार र ओमकृष्ण श्रेष्ठलाई चयन गरेको छ भने राजनीतिक समिति सदस्यहरुमा भगवान चाम्लिङ, मान बहादुर थापा, छविलाल राना मगर, नन्द याम्फू, जुनु पुन मगर, पवित्र बज्राचार्य, उर्मिला राई, हरिकला थापा लगागत चयन भएका छन्। पार्टीका थप केन्द्रीय समिति सदस्यहरुमा प्रदीप चौधरी, बालकृष्ण याख्खा, निर्मला यादव, प्रशन्न राई, दिपक राई, प्रकाश चाम्लिङ, हिमानी थापालगायत रहेका छन्।

लोकेश्वर सा.व.उ.स. सुनवल १० नवलपरासी (ब सु.प.)को

## वन पैदावार लिलाम बिक्री सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२२

डिभिजन वन कार्यालयको च.नं २०५४ मिति २०८३/०१/१६ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व.मा उत्पादन भई सुनवल ७ चारपालामा घाटगद्दी भएको साल समेत गोलिया थान ३९१ को ३२२८.०१ क्यु.फि काठ समुह बाहिर लिलाम बिक्री गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ। प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।